# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, भदौ १५ गते २०४४ साल (अतिरिक्ताङ्क २३ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना १

श्री ५ महाराजाधिराजबाट थाइल्याण्डका लागि शाही नेपाली राजदूत श्री रामचन्द्रबहादुर सिंहलाई सिंगापुरका लागि पनि शाही नेपाली राजदूत पदमा नियुक्त गरिबक्सेको छ ।

### सूचना २

माननीय पर्यटन र श्रम तथा सामाजिक कल्याण राज्यमन्त्री श्री रमेशनाथ पाण्डे दक्षिण कोरियाको राजधानी सियोलमा हुने एशिया तथा प्रशान्त क्षेत्रको श्रम मन्त्रीहरूको ११ रौं सम्मेलनमा भागलिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको पर्यटन र श्रम तथा सामाजिक कल्याण मन्त्रालयहरूको कार्यभार माननीय शिक्षा तथा संस्कृति राज्यमन्त्री श्री केशरबहादुर विष्टले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।